नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ३४ | २०७९ साल भदौं ९ गते बिहीबार (25 Aug 2022 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : जयनगर-बर्दिबास रेलमार्ग ... ३ पृष्ठमा : 'अपराध नियन्त्रणमा तीनै ... ३ पृष्ठमा : नाइजेरियामा द्रुतरुपमा ...


# दुई सन्तानकी आमा पलियालाई आदालतको आदेशपछि गृह प्रवेश गराइयो

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

घरेलु हिंसामा परी घर निकाला गरिएकी एक महिलालाई अदालतले आदेशपछी बुधबार गृह प्रवेश गराइएको छ ।

प्रदेश कानुन अधिकृत समेत रहेकी अधिवक्ता किरण साह, प्रहरी, संचारकर्मी, जनप्रतिनीधी तथा स्थानीयको उपस्थितीम दुई सन्तानकी आमा राजविराज नगरपालिका वडा नं. २ की २४ वर्षिया पलिया खातुनलाई गृह प्रवेश गराइएको हो ।

विहेको समयमा दाईजो वापत ४ लाख नगद र ३ लाखको फर्निचर लिएका ससुराली पक्षले थप दाईजोका लागी निरन्तर दवाव दिइरहेको भन्दै सोही विषयमा परिवारका सदस्यसँग परेको खटपटका कारण उनलाई ६ महिना अघि कुटपिट गर्दै घर निकाला गरिएको थियो ।



घर निकालापछि दिदीको घरमा शरण लिएकी उनी न्यायका लागी सप्तरी जिल्ला अदालतमा घरेलु हिंसाको मुदा समेत दर्ता गर्न पुगेकी थिइन । उनलाई निःशुल्क कानुनी साहयता उपलब्ध गराएकी मधेश प्रदेश कानुन अधिकृत समेत रहेकी अधिवक्ता किरण कुमारी साहले उक्त मुद्दा उपर सुनवाइ गर्दै अघिल्लो दिन मंगलवार न्यायधिश डा.राजेन्द्र कुमार आर्चायको एकल इजलाशले मुदाको अन्तिम निर्णय नभएसम्म अन्तरिम संरक्षनात्मक आदेश जारी गरेपछी उनलाई गृह प्रवेश गराइएको बताईन ।

अदालतको आदेशमा दुई नाबालक छोरासहित पलियालाई निज वसी आएको घरमा वसोवास गर्न दिनु तथा कुटपिट र गाली बेईजत नगर्नू उल्लेख छ । पलियाले दाईजोका लागी परिवारका सदस्यले मानसिक तथा शारिरीक यातना दिने गरेको बताईन । पछिल्लो पटक त २ नाबालक सन्तान सहित कुटपिट गर्दै घर निकाला नै गरीदिएपछी अन्तिम अवस्थामा अदालत पुगेको उनले बताईन ।

सप्तरीको कंचनरुप नगरपालिका २ बदगामा माईती रहेको पलियाको २०७५ सालमा राजविराज २ का आशिक शेखसंग विवाह भएको थियो । तर परिवारजनले हाल सम्म उनको

*बाँकी अन्तिम पृष्ठमा*

# एक बालकसहित दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

सप्तरीको दुई छुट्टाछुटै घटनामा एक बालकसहित दुई जनाको ज्यान गएको छ ।

बुधबार दिउँसो पोखरीमा डुबेर हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर निवासी जितेन्द्र सीपलियाका ७ वर्षिय छोरा देबिलको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार घरमा कोही नभएको बेला घर नजिकैको आफ्नै पोखरीमा नुहाउन गएको बेला उनको डुबेर मृत्यु भएको हो ।

यस्तै ६ दिन अघि टेम्पोको ठक्करबाट गम्भिर घाइते भएका सप्तरीको विष्णुपुर गाउँपालिका ६ गोरगामाका ५५ वर्षिय रामविलास रायको बुधबार उपचारका क्रममा राजविराजस्थित छिन्नमस्ता अस्पतालमा मृत्यु भएको छ ।

साइकलबाट घरतर्फ आउँदै गर्दा राजविराज-तिलाठी सडक खण्डमा प्रदेश-२-०१००१६-०९१८ नम्बरको टेम्पोले ठक्कर दिँदा उनी गम्भिर घाइते भएका थिए ।

दुबै घटना बारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।




भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १४ वर्ष देखी संचालन हुदै आएको

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरूले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# ठगी गर्ने १९ हजार कारबाहीमा

काठमाडौँ, ८ भदौ (रासस)।

नेपाल नापतौल तथा गुणस्तर विभागले पछिल्लो समय नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने व्यापारीको निगरानी बढाएको छ।

विभागले आर्थिक वर्ष २०७८/७९ मा अनियमित रुपमा नाप्ने तौलने यन्त्र प्रयोग गरी देशभरका विभिन्न स्थानका उपभोक्तालाई ठगी गर्ने १९ हजार १४ व्यापारीलाई कारबाही गरेको छ। विभागका अनुसार काठमाडौँबाट आठ हजार आठ सय ५१, पोखराबाट एक हजार छ सय ७९, बुटवलबाट एक हजार ६४, नेपालगञ्जबाट एक हजार ५०, सुर्खेतबाट चार सय नौ, धनगढीबाट एक हजार ६७, सिलगढीबाट एक सय ७४, वीरगञ्जबाट एक हजार दुई सय ५१, जनकपुरबाट एक हजार एक सय ३९, विराटनगरबाट एक हजार चार सय ८५ र झापाबाट आठ सय ४५ व्यापारीलाई कारबाही गरिएको हो। विभागका प्रवक्ता ज्योति जोशी भट्टले नाप्ने र तौलने यन्त्रको प्रयोग गरी उपभोक्तालाई ठगी गरेकाले विभागले उनीहरूलाई कारबाही गरेको जानकारी दिनुभयो।

उहाँले पछिल्लो समय नापतौल यन्त्रमार्फत उपभोक्ता ठगी गर्ने क्रम बढेकाले उनीहरूमाथि विभागले विशेष निगरानी बढाएको बताउनुभयो। अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको विभागले जनाएको छ। त्यस्ता व्यापारीमाथि कारबाही गर्दै आइएको प्रवक्ता भट्टले बताउनुभयो। गत आर्थिक वर्षमा २३ हजार ४९ व्यापारीले नापतौल यन्त्र जाँच गराएका छन्। उक्त जाँच गराउने व्यापारीमध्ये काठमाडौँमा धेरै छन्। काठमाडौँमा पाँच हजार छ सय ४१ व्यापारीले यन्त्र जाँच गराएका हुन्।

यस्तै, पोखराबाट तीन हजार छ सय ७३, बुटवलबाट एक हजार चार सय ५७, नेपालगञ्जबाट एक हजार एक सय ३७, सुर्खेतबाट सात सय ४८, धनगढीबाट एक हजार सात सय ९३, सिलगढीबाट एक सय ८९, वीरगञ्जबाट दुई हजार दुई सय ६३, जनकपुरबाट एक हजार पाँच सय ७८, विराटनगरबाट तीन हजार तीन सय १९ र झापाबाट एक हजार ५१ व्यापारीले सो यन्त्र जाँच गराएका हुन्। सोही आवमा सो यन्त्र प्रयोग गर्न अनुमतिपत्र प्रदान तथा इजाजतपत्र नवीकरण गर्ने व्यापारीको सङ्ख्या ११ हजार तीन सय ६३ रहेको छ। यसैगरी, देशभर नौ हजार ६ सय ५८ ट्याक्सीको मिटर जाँच गर्नुका साथै चार हजार नौ सय ६८ पटक पेट्रोलियम पदार्थ वितरण पम्प जाँच गरेको विभागले जनाएको छ।

नापतौलसम्बन्धी उपभोक्ता हकहित संरक्षणका लागि विभागले ९२ पटक एकल अनुगमन तथा ९१ पटक संयुक्त अनुगमन गरेको छ। यस्तै, विभागले उपभोक्ता ठगी गर्ने ३३ कम्पनी तथा ट्याक्सी चालकविरुद्ध अदालतमा मुद्दा दर्ता गरेको छ। विभागले जानीजानी आम सेवाग्राही तथा उपभोक्तालाई ठगी गर्ने क्रम बढेकाले

*बाँकी अन्तिम पृष्ठमा*

# जयनगर-बर्दिबास रेलमार्ग निर्माणबारे समितिको चासो

जनकपुरधाम, ८ भदौ (रासस)।

धनुषाको कुर्थाबाट महोत्तरीको बर्दिबाससम्म निर्माणाधीन ३५ किलोमिटर लामो ब्रोडगेज रेलमार्ग निर्माणकार्यबारे प्रतिनिधिसभाअन्तर्गतको विकास तथा प्रविधि समितिले चासो देखाएको छ।

रेल निर्माणका क्रममा देखिएको मुआब्जा विवाद, निर्माण कार्यको अवस्था, समस्या समाधानका उपायलगायत बारेमा समितिका सभापति कल्याणी खड्काको नेतृत्वमा समितिका सदस्यहरूको टोलीले निर्माणाधीन सो रेलमार्गको निरीक्षण गर्नुभएको छ। महोत्तरीको बर्दिबासबाट भारतको जयनगरसम्मको रेलमार्गको निरीक्षण गरी टोलीले कुर्थाबाट बर्दिबाससम्म रेलमार्ग निर्माणका क्रममा देखिएको मुआब्जा विवाद र समाधानका उपायबारे प्रदेशसभाका सदस्य, नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जनकुमार झा, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, रेलमार्गमा पर्ने स्थानीय तहका प्रमुख, उपप्रमुख तथा सरोकारवाला निकायका प्रतिनिधिसँग छलफलसमेत गरेको छ।

छलफलका क्रममा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख उपप्रमुखले रेलमार्ग निर्माणका सन्दर्भमा उत्पन्न भएको मुआब्जा विवाद समाधानका लागि सङ्घीय सरकारले ठोस नीति बनाउनुपर्ने र त्यसमा आफूहरूले आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभएको धनुषाका प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो। सो अवसरमा नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाले भारतको जयनगरबाट महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत १९ गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको जानकारी दिनुभयो। सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्नुभएको थियो। त्यसयता रेलसेवा दैनिक सञ्चालनमा छ।

निर्धारित समय तालिकाअनुसार नै नियमित रेल चल्दै आएको महाप्रबन्धक झाको भनाइ छ। उहाँका अनुसार जयनगरबाट बिहान ८:३० र दिउँसो ३ बजे छुट्ने गर्छ भने कुर्थाबाट बिहान १०:३० र साँझ ५:१५ मा अर्को रेल छुट्ने गरेको छ। रेल सञ्चालनका लागि हाल २६ भारतीय र ५९ नेपाली कर्मचारी कार्यरत रहेको कम्पनीले जनाएको छ। भारतीय कर्मचारीमा खासगरी चालक दलका र केही इञ्जीनियर रहेको महाप्रबन्धक झाले जानकारी दिनुभयो।

कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडादर तोकिएको छ। वातानुकुलित (एसी) का लागि भने त्यसको पाँच गुणा अर्थात् रु चार सय ५० तिर्नुपर्ने कम्पनीले जनाएको छ। उहाँले कुर्थाबाट महोत्तरीको बर्दिबाससम्मको ३५ किलोमिटर रेलमार्गमध्ये कुर्था-विजयपुर-भङ्गाहासम्म १७ किलोमिटर रेलमार्गमा ट्र्याक बिच्छ्याउने कार्य भइरहेको र बाँकी भङ्गाहाबाट बर्दिबाससम्मको १८ किलोमिटर रेलमार्ग निर्माणमा केही समस्या देखिएको बताउनुभयो।

"मुआब्जाको समस्यालगायत कारण भङ्गाहाबाट बर्दिबाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको छ", महाप्रबन्धक झाले भन्नुभयो, "कतिपय ठाउँमा व्यावहारिकरूपमा सडक देखिएको छ, तर नक्सामा सडक छैन तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन्।" कतिपय ठाउँमा ऐलानी जग्गामा दलित बस्ती छ, उनीहरूसँग कुनै कागज छैन, मुआब्जा मागेर विवाद गरिरहेका छन्, काम गर्न समस्या भएको छ", उहाँले भन्नुभयो।

मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिबाससम्म रेल चल्ने झाको भनाइ छ। रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे सरकारले भारतसित सन् २०१० मा द्विपक्षीय सम्झौता गरेको

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

मिति :- २०७९/१/१६

### ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**भुली देवी चौधरी** दर्ता रहेको साविक ......... मौजा रै.नं.......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **मेरो नाममा नामसारी** गरी प्रमाण पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **खोजपुर** वार्ड नं. **६** हाल **खडक न.पा. वडा नं. ५** बस्ने **श्री तारणी प्रसाद चौधरी**को द.न. **८६४२** मिति **२०७८/०१/१५** मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७९/१/१५** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| खोजपुर | ६ क | २०१ | ०-२-१ १/२ | | |


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, **www.janajyoticoop.com.np**

# 'अपराध नियन्त्रणमा तीनै तहको सरकारको समन्वय आवश्यक'

काठमाडौं, ८ भदौ (रासस)।

गृहमन्त्री बालकृष्ण खाणले अपराधको स्वरुप र प्रवृत्तिमा आएको परिवर्तनले थपिएको जटिलताप्रति सरकारको ध्यान गएको बताउनुभएको छ।

प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग र काठमाडौं उपत्यका प्रहरी कार्यालयद्वारा आयोजित 'उपत्यका अपराध अनुसन्धान समीक्षा गोष्ठी'को शुभारम्भ समारोहलाई सम्बोधन गर्दै उहाँले आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने क्रममा कहिलेकाहीँ उल्झन हुने भएकाले त्यसतर्फ सतर्कता अपनाउनु जरुरी रहेको औँल्याउनुभयो।

"अपराधका सङ्ख्या पनि बढिरहेको छ, अपराधको स्वरुप र प्रवृत्तिमा पनि ठूलो परिवर्तन आइरहेको छ, नयाँ प्रविधि विज्ञानका कारणले अपराध नियन्त्रणमा केही सहजता भएको छ तथापि त्यसले अपराधमा वृद्धि हुँदा थप जटिलता पनि थपिरहेको छ, यसतर्फ राज्यको ध्यान गएको छ ", उहाँले भन्नुभयो।

नागरिकको जीवनरक्षा, उसको सम्पत्ति र धनको रक्षा गर्ने दायित्व राज्यको भएको उल्लेख गर्दै गृहमन्त्री खाणले यस सन्दर्भमा सुरक्षा निकायलाई सबल, सुदृढ, क्षमता अभिवृद्धिका साथै स्रोत साधन अभिवृद्धि गर्नु जरुरी रहेको बताउनुभयो। त्यसप्रति सरकार प्रतिबद्धतापूर्वक लागिरहेको उहाँले बताउनुभयो।

अपराधको सङ्ख्या कसरी घटनाउने, नियन्त्रण कसरी गर्ने त्यसका लागि नेपाल प्रहरीले सीमित स्रोत र साधनका बाबजुद पनि प्रतिबद्धतापूर्वक जुन भूमिका निर्वाह गरिरहेको उहाँले बताउनुभयो। उहाँले कोभिड महामारीको बेलामा नेपालका चिकित्सक, सरसफाइकर्मी, सुरक्षा निकायले महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गर्नुभयो।

जनताको जीउधनको रक्षा, मुलुक र समाजमा शान्ति सुव्यवस्था सरकरको लक्ष्य रहेकाले र त्यसतर्फ दृढता र प्रतिबद्धताका साथ लाग्न उहाँले सुरक्षा निकायलाई आग्रह गर्नुभयो। सुरक्षा निकायलमा साधन र स्रोतको अभाव रहेको उल्लेख गर्दै गृहमन्त्री खाणले साधन स्रोत थप्ने, बन्दोबस्तीका सामान व्यवस्थापन गर्ने र सुरक्षा निकायको सक्षमता अभिवृद्धि गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। गृहमन्त्री खाणले अपराध नियन्त्रणमा तीनै तहको सरकारको समन्वय आवश्यक भएको बताउनुभयो।

उहाँले पूर्ववर्ती सरकारले केही दलसँग गरेको सम्झौता कार्यान्वयनमा सरकारका प्रतिबद्ध रहेको बताउनुभएको छ। यसप्रति गृह प्रशासन र महान्यायाधिवक्ताको कार्यालयबाट आवश्यक सहयोग र समन्वय भइरहेको उहाँले बताउनुभयो। उहाँले सहमति कार्यान्यनमा सरकार गम्भीर, प्रयत्नरत र इमान्दार रहेको स्पष्ट पार्नुभयो।

उहाँले केही संवैधानिक र कानुनी जटिलता रहेकाले त्यसलाई सम्बोधन गर्दै सबैलाई निर्वाचनमा सहभागी गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। एउटा सरकारले प्रारम्भ गरेको प्रयत्न ससकार बदलिए पनि जनतालाई प्रभाव पार्ने विषयमा त्यसलाई सरकारले निरन्तरता दिने पनि गृहमन्त्री खाणले बताउनुभयो।

शान्ति प्रक्रियालाई पूर्णता दिँदै मुलुकलाई अघि बढाउन र सबैलाई राष्ट्रिय मूल प्रवाहमा ल्याउन सरकारको सधैँ प्रयत्न रहिरहने उहाँको भनाइ थियो।

समारोहमा महान्यायाधिवक्ता खम्बबहादुर खातीले नयाँ घटना हुने अवस्थामा त्यसको अनुसन्धानका लागि विशेषरुपमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले निष्पक्ष, स्वतन्त्र, निर्विवाद, सत्यतथ्य र भौतिक प्रमाण बटुलेर अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो," अनुसन्धान अधिकृतलाई स्वतन्त्ररुपमा काम गर्न दिनुपर्छ, मुलुकी फौजदारी संहिताले अनुसन्धान गर्ने जिम्मा प्रहरीलाई र अभियोजन गर्ने जिम्मा सरकारी वकिललाई दिएको छ र सत्यतथ्यको आधारमा निचोड निकालियो भने पीडितलाई न्याय पाउने छन्।"

महान्यायाधिवक्ता खातीले अपराध नियन्त्रणको चुनौतीलाई सामना गर्न राज्यको प्रणालीलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। साइबर क्राइम र आर्थिक अपराधलगायतका जघन्य अपराध नियन्त्रणमा नयाँ नीति निर्माणको आवश्यकता औँल्याउनुभयो। उहाँले साइबर काइमका मुद्दा काठमाडौंमा मात्रै दर्ता गर्ने अवस्थाको अन्त्यका लागि केही नेपाल ऐन संशोधन प्रक्रिया अघि बढेको जानकारी दिनुभयो।

समारोहमा गृहसचिव टेकनारायण पाण्डेले प्रदेशगत रुपमा भएको आठ गोष्ठीबाट आएको निष्कर्षले अपराध अनुसन्धानको सीपलाई अझै मजबुद बनाउने बताउनुभयो। अपराधको स्वरुप बदलिएका कारण चुनौती बढी थपिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "विमानस्थलमा नागरिकले सामान्य लगेज ल्याउँदा स्क्यानसमा हाल्ने गर्छौं, तर कार्गो र फोहर व्यवस्थापनको स्क्यानर छैन, त्यस विषयमा संवेदनशील हुनुपर्छ।"

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अपराध नियन्त्रण र शान्ति सुरक्षाका हकमा सीमित स्रोत साधनका बीच प्रहरीले उत्कृष्ट काम गरिरहेको जिकिर गर्नुभयो। उहाँले यसका लागि क्षमता विकास र प्रविधिको प्रयोग बढाउनुपर्ने तथा उपत्यकामा पाँच हजार सिसी क्यामरा रहेकाले अझै २५ हजार बनाउनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले अपराधको परिभाषा नै नागरिकले बुझ्न नसकेको बताउनुभयो। उहाँले बुबाआमाले आफ्ना छोराछोरीलाई कुट्ने गाली गर्ने, शिक्षकले बालबालिकालाई दुर्व्यवहार गर्ने कुरा उनीहरूको अधिकार भएजस्तो गरेर व्यवहार गरिएकाले त्यो पनि अपराध हो भनेर गाउँघरबाटै साक्षरता बढाउन जरुरी रहेको औँल्याउनुभयो। उहाँले भौतिक उपस्थितिमा हुने अपराध कम भएको तर साइबर अपराध बढ्दो क्रममा रहेको छ भन्नुभयो।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महनिरीक्षक रवीन्द्रबहादुर धानुकले अपराध नियन्त्रणको चुनौतीपूर्ण अवस्थामा रहेको बताउनुभयो। उहाँले विद्यमान स्रोतसाधनको विस्तार तालिम र प्रविधिगत क्षमताको विकास कानुनी जटिलतसको समाधान गरी स्पष्ट नीतिगत आधार निर्माणका लागि जिम्मेवार निकायको ठोस लगानी र प्रतिबद्धता आवश्यक छ भन्नुभयो।

***जयनगर-बर्दिबास ...***

थियो। सोहीअनुसार सन् २०११ मा निर्माणको थालनी भएको थियो। ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेशनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुई निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ।

महाप्रबन्धक झाका अनुसार नेपाललाई रेल सञ्जालमा जोड्ने सरकारको नीतिअनुरुप महोत्तरीको बर्दिबासबाट बाराको निजगढसम्मको रेलमार्ग निर्माणका लागि माटो भर्ने काम भइरहेको छ। यस्तै निजगढ-काठमाडौं रेलसेवा सञ्चालनका लागि रेलमार्गको डिपिआर तयार भइरहेको छ। टोलीमा प्रतिनिधिसभा सदस्यहरू आशाकुमारी विक, इन्दुकुमारी शर्मा, गजेन्द्रबहादुर महत, मिनाक्षी झा तथा समितिका सचिव ओमबहादुर कार्की रहनुभएको थियो।


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### नाइजेरियामा द्रुतरुपमा कुपोषण बढ्दो

संयुक्त राष्ट्रसङ्घ, ८ भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले नाइजेरियामा निकै द्रुत मात्रामा कुपोषणको मात्रा बढ्दै गएको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले हालै एक विज्ञप्तिमार्फत् सो कुराको जानकारी गराएको हो।

खासगरी नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा कुपोषणका बालबालिकाको संख्या विगतका तुलनामा बढेकाले सो क्षेत्रमा उपचारका साथै आवश्यक पोषण तत्वको उपलब्धताका लागि संयुक्त राष्ट्रसङ्घले आग्रह गरेको छ।

सन् २०२१ को यो अवधिका तुलनामा यस वर्षको सुरुका सात महिनामा कुपोषित हुने बालबालिकाको संख्या निकै ठूलो सङ्ख्यामा बढेको पाइएको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले जानकारी दिएको छ।

सो क्षेत्रमा अहिले नै कम्तीमा पनि ४० लाख मानिसलाई खाद्यान्नको अभाव भएको छ। साथै यो वर्षभरिमा सो क्षेत्रमा ८० लाख मानिसलाई खाद्यान्न अभाव हुने अनुमान गरिएको पनि बताइएको छ। सो क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय निकायसमेत गरी अन्य विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था गरी ११४ ले खाद्यान्नलगायतका मानवीय सहायताका सामग्री वितरण गर्दै आएका छन्।

अझै पनि सो क्षेत्रमा खाद्यान्नको अभाव रहेको पाइएको पनि समाचारमा जनाइएको छ। खाद्यान्न एवं अत्यावश्यकीय मानवीय आवश्यकताका वस्तुको यहाँ दिन प्रतिदिन खाँचो बढ्दै गएको पनि पाइएको छ। नाइजेरियामा आन्तरिक द्वन्द्व एवं खडेरीका कारण केही वर्ष यतादेखि समस्या उत्पन्न हुँदै आएको छ।

### भारतमा कोरोना संक्रमितको संख्या आठ हजार पाँचभन्दा बढी

नयाँदिल्ली, ८ भदौ (रासस/एएनआई)।

भारतमा पुनः एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा बढी भएको छ। यहाँ २४ घण्टाको समयावधी अर्थात मङ्गलबार मध्यरातिसम्म दश हजार छ सय ४९ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बुधबार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ६८ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिन अगाडि अर्थात मङ्गलबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा आठ हजार पाँच सय ८६ जनामा सङ्क्रमण देखापरेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९६ हजार चार सय सय ४२ जना रहेका छन्।

गत २४ घण्टाको समयावधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार चार सय ५२ भन्दा बढीको मृत्यु भएको छ।

भारतमा हिजो एक दिनमा दश हजार छ सय ७७ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३७ लाख ४४ हजार तीन सय एक जना कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो।

सो समयबाट हालसम्म दुई अर्ब दश करोड २५ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड छभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

यसैबीच पाकिस्तानमा २४ घण्टाको समयावधी अर्थात मङ्गलबार मध्यरातिसम्म दुई सय ७८ जना कोभिड-१९ नयाँ सङ्क्रमित देखापरेको स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ। नयाँ सङ्क्रमित थपिएपछि देशभर कुल सङ्क्रमितको सङ्ख्या १५ लाख ६७ हजार एक सय ४७ पुगेको मन्त्रालयले जनाएको छ। कोभिड-१९ शुरु भएबाट हालसम्म यहाँ सङ्क्रमणको कारण कुल ३० हजार पाँच सय ५९ जनाको मृत्यु भएको छ।

### अमिताभ बच्चन कोरोना संक्रमित

मुम्बइ, ८ भदौ (रासस/एएनआई)।

भारतका चर्चित कलाकार अमिताभ बच्चन कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको छ। उहाँले सामाजिक सञ्जाल ट्विटरमा आफू कोरोना भाइरसबाट सङ्क्रमित भएको लेख्नुभएको छ।

"म कोरोना भाइरसबाट सङ्क्रमित भएको भर्खरै पुष्टि भएको छ, पछिल्लो समयमा मेरो सम्पर्कमा रहेकाले कोरोना भाइरसको परीक्षण गराउनु हुन र सतर्कता अपनाउनुहुन अनुरोध छ," उहाँले लेख्नुभएको छ।

उहाँले आफू अहिले पहिलो पटक सक्रङ्क्रमित भएको हैन भन्दै यसलाई स्वभाविक र सहजरुपमा लिएको उल्लेख गर्नुभएको छ। यसअघि उहाँ सन् २०२० को जुलाईमा पहिलो पटक सङ्क्रमित हुनुभएको थियो।

त्यति बेला उहाँ झण्डै तीन हप्ता अस्पतालमै रहनुभएको थियो। उहाँ मात्रै नभई उहाँका छोरा तथा अभिनेता अभिषेक बच्चन, बुहारी तथा अभिनेत्री ऐश्वर्या राय र नातीनी आराध्या पनि सङ्क्रमित हुनुभएको थियो।

# अर्थ मन्त्री साहद्वारा विपद् व्यवस्थापन सामग्री भण्डार गृहको उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले बुधबार राजविराजस्थित नेपाल रेडक्रस सोसाइटी शाखा सप्तरीको हाता भित्र पाँच कोठे विपद् व्यवस्थापन सामग्री भण्डार गृह भवनको उद्घाटन गरेका छन् ।

मधेश प्रदेश सरकार, विभिन्न स्थानीय तह र संघ-संस्थाको सहयोगमा निर्माण कार्य सम्पन्न भएपछी उक्त विपद् व्यवस्थापन सामग्री भण्डार गृह भवनको अर्थ मन्त्री साहले उद्घाटन गरे ।

एक कठ्ठा जग्गामा ६९ लाखको लागतमा निर्मित भण्डार गृहमा प्राकृतिक विपद्मा आवश्यक पर्ने सामग्री तथा विभिन्न संघसंस्था लगायतका दातृ संस्थाबाट प्राप्त हुने राहत सामग्री भण्डारण गरिने नेपाल रेडक्रस सोसाइटी शाखा सप्तरीका सभापती जोगेन्द्र भगतले बताए ।

उक्त भवनको उदघाटन गर्दै अर्थ मन्त्रि साहले रेडक्रस लगायत अन्य सबै सामाजिक संघ संस्थालाई प्रदेश सरकारले यथाशक्य सहयोग दिदै आएको र भविष्यमा समेत सामाजिक क्षेत्रमा क्रियाशिल संघसंस्थालाई सहयोग गर्ने क्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

एघार वर्ष अघि १०६८ सालमा नेपाल रेडक्रस सोसाईटीका तत्कालिन केन्द्रिय सभापती संजिव थापाले प्रस्तावित भण्डार गृह भवको शिलान्यास गरेका थिए । तर, आवश्यक रकमको अभावका कारण निर्माण कार्य अघि बढन नसकेपछी एक वर्ष अघि मात्र मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले आफ्नो संसदिय विकास कोषबाट २५ लाख र प्रदेश सभासदस्य मनिष सुमनले ८ लाखको सहयोग उपलब्ध गराएका थिए । यस्तै विष्णुपुर गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी शाखाको अक्षयकोषबाट ५/५ लाख, कोशी वेसिन कार्यक्रम अन्तर्गत नेपाल रेडक्रस केन्द्रीय कार्यालयले ७ लाख, तिरहुत गाउँपालिकाले ४ लाख तथा रेडक्रस सोसाईटी शाखा सप्तरीले १५ लाखको सहयोग उपलब्ध गराएपछी निर्माण कार्य अघि बढेको हो ।

भवन उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इशरत परविन, शम्भुनाथ नगरपालिकाका प्रमुख जीतेन्द्र गुप्ता, रेडक्रस सोसाइटी उपशाखा राजविराजका सभापती एंव प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा लगायतले प्राकृतिक विपदको सामना गर्नु पुर्वतयारी स्वरुप नवनिर्मित भण्डार गृहले ठूलो मदत पऱ्याउने विश्वास व्यक्त गरे ।

# सप्तरीमा मिटरब्याजीविरुद्ध एक सय १४ उजुरी

सप्तरी, ८ भदौ (रासस) ।

जिल्ला प्रशासन कार्यालयमा मिटरब्याजीविरुद्ध एक सय १४ उजुरी दर्ता भएका छन् । सरकारले मिटरब्याजीविरुद्ध उजुरी दिन आह्वान गरेसँगै एक सय १४ जनाले उजुरी दिएको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ ।

मिटरब्याजीको गिरोहले सम्पत्ति हडपेर सर्वसाधारणको उठिबास लगाइरहेको विषय बाहिरिएपछि मिटरब्याजको धन्दा रोक्न र गिरोहविरुद्ध कारबाही अघि बढाउन सरकारले कार्यदल नै गठन गरेको छ । मिटरब्याजी अपराध नियन्त्रणका लागि कार्यदल गठन गरेसँगै गत साउन २८ गते उजुरी आह्वान गरिएको थियो ।

कार्यदलका संयोजक डा भीष्मकुमार भुसालले जारी गर्नुभएको सूचनामा मिटरब्याजीले गरेका अपराध र शोषणविरुद्ध आ-आफ्नो जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा यथासम्भव बढी तथ्य प्रमाणसहित उजुरी दर्ता गर्नुहुन भनिएको थियो ।

देशैभरि मिटर ब्याजको जालो फैलिएको हुनसक्ने अवस्था र आफ्नो पीडा सार्वजनिक गर्न वा कानुनी उपचारका लागि पहल गर्न नसकिरहेको अवस्थालाई मध्यनजर गरी सार्वजनिक सूचना जारी गरिएको डा भुसालले बताउनुभयो । सूचना जारी भएपछि मिटरब्याजको धन्दा सञ्चालन गर्ने गिरोहबाट पीडित भएको भन्दे सर्वसाधारणबाट एक सय १४ उजुरी परेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो ।

यस्तो उजुरी तिलाठी कोइलाडी गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहविरुद्ध पनि परेको छ । तिलाठी कोइलाडी-६ की उपाध्यक्ष साहविरुद्ध सोही वडाकी सुनितादेवी मण्डलले आवश्यक कारबाहीको माग गर्दै उजुरी दिनुभएको छ । उजुरीकर्ताका सासू लक्ष्मीनियादेवी तथा ससुरा नैमानी मण्डलले २०६१ सालमा दुई पटक गरी लिएको रु ४० हजार ऋण ब्याजसहित फिर्ता गरे पनि ऋण लिंदा पारित गर्न लगाएको जग्गा हालसम्म फिर्ता नगरेको मण्डलले आरोप लगाउनुभएको छ ।

प्राप्त भएको निवेदनमाथि प्रमाणका आधारमा जिल्ला सरकारी वकिल कार्यालयसँग समन्वय गरी जिल्ला प्रहरी कार्यालयबाट मुद्दा चलाउने तयारी भइरहेको प्रजिअ गौतमले जानकारी दिनुभयो । प्राप्त उजुरीका बारेमा गृह मन्त्रालयलाई जानकारी गराइएको जनाउँदै प्रमुख जिल्ला अधिकारी गौतमले जिल्ला प्रहरी कार्यालय र प्रशासन कार्यालयले पनि आफ्नै तरिकाले अध्ययन गरिरहेको बताउनुभयो । प्रजिअ गौतमका अनुसार कतिपयले ठाँडो निवेदन र कतिपयले प्रमाणसहित उजुरी दिएका छन् ।

"एकै जना मिटरब्याजीबाट धेरै जना सर्वसाधारण पीडित भएको उजुरी पनि परेको छ", उहाँले भन्नुभयो, "धेरै जना मिटरब्याजीले एकै जनालाई मात्रै पनि पीडित बनाएका रहेछन् ।" ऋण लिएको पैसा ब्याजसहित तिरिसक्दा पनि जग्गा तथा सम्पत्ति फिर्ता नगरेको उजुरीसमेत परेको प्रजिअ गौतमले बताउनुभयो । कतिपयले ऋण दिने नाममा सर्वसाधारणको जग्गा नै आफ्नो नाममा पारेको र पैसा पनि असुलिरहेको पाइएको उहाँले जानकारी दिनुभयो ।

यसअघि प्रधानमन्त्रीको निर्देशनपछि पक्राउ परेका सप्तरीका मिटरब्याजी रामदेव साहका छोरा नन्दकिशोर र छोरी अनुराधा असार २२ गतेदेखि पूर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् ।

सुनसरीको धरानबाट नन्दकिशोर पक्राउ परेको दुई दिनपछि जेठ २८ गते काठमाडौँको गौशालाबाट अनुराधा पक्राउ परेकी थिइन् । प्रधानमन्त्रीले निर्देशन दिएपछि मात्र आरोपितलाई पक्राउ गर्न नेपाल प्रहरी सक्रिय भएको थियो । ठगी तथा आपाराधिक विश्वासघात मुद्दामा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट रामदेवसहित उनका परिवारविरुद्ध मुद्दा चलिरहेको छ ।

सरकारले उजुरीका लागि दिएको अन्तिम समय सकिएको र अब मिटरब्याजीविरुद्ध उजुरी लिने कि नलिने भन्ने निर्देशन माथिबाट आइनसकेको उहाँले जानकारी दिनुभयो । सप्तरीसहित देशैभरि मिटर ब्याजीपीडितहरू दिनहुँ प्रदर्शन गरिरहेका छन् ।

### दुई सन्तानकी ...

बिहे दर्ता र नागरिकता समेत बनाई दिएका छैनन् ।

विभिन्न वहानामा कुटपिट गरी घर निकाला गरिएका मध्ये अदालतले दिएको संरक्षनात्मक आदेश पछी सप्तरीमा चार महिना भित्र यसरी घर भित्र्याइएका महिलाको संख्या ६ पुगेको छ ।

# चार सय ८७ मा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ भदौ ।**

देशभर पछिल्लो २४ घण्टामा थप चार सय ८७ जनामा कोभिड संक्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ ।

सो अवधिमा चार हजार एक सय ७७ को नमूना परीक्षण गरिएको थियो । एक हजार आठ सय छ जनाले पिसिआर र दुई हजार तीन सय ७१ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा ३९ हजार चार सय ४८ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् भने एक सय ६४ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । हाल सक्रिय संक्रमितको संख्या चार हजार दुई सय ९८ रहेको छ । बुधबार एक सय ६४ संक्रमण मुक्त भएको मन्त्रालयले जनाएको छ ।

### ठगी गर्ने ...

कारबाहीस्वरुप उक्त कम्पनी तथा टाक्सीविरुद्ध मुद्दा दायर गरेको बताएको छ ।

महानिर्देशक दिनानाथ मिश्रले सीमित स्रोतसाधनकाबीच विभागले बजार अनुगमनलाई प्राथमिकता दिएको बताउनुभयो । "कम जनशक्ति र स्रोतसाधनका कारण सबै स्थानमा पुग्न सकेका छैनौं, विभागले आगामी दिनमा बजार अनुगमनलाई प्राथमिकता राख्छ", उहाँले भन्नुभयो । आम उपभोक्ता ठगी गर्ने जोकोहीलाई विभागले कारबाहीको दायरामा ल्याउने उहाँको भनाइ छ । विभागले गत आर्थिक वर्षमा विभिन्न शीर्षकअन्तर्गत रु सात करोड १६ लाख ११ हजार आठ सय ५७ राजश्वसमेत सङ्कलन गरेको छ ।


विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np